राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञाबर्द्धक सामग्रीका लागि

newskoseli.com

सबैतिरबाट, सबैका लागि

वर्ष– २७, अङ्क– २६, माघ २१ गते शुक्रबार, २०७८ (04 Feb., 2022) | www.janajibro.com | मूल्य रू. १०।-

# वर्षा र हिमपात अझै जारी रहने

## पश्चिमी वायुको प्रभावले मेघ गर्जसहित वर्षा र चट्याङको प्रबल सम्भावना

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** न्यूनचापीय पश्चिमी वायुको प्रभावका कारण आगामी शनिबारसम्म देशभर आंशिकदेखि सामान्य बदली भएर हल्का वर्षा र हिमपातको सम्भावना रहेको छ। मौसम पूर्वानुमान महाशाखाले पश्चिमी न्यूनचापीय प्रणालीको प्रभावले बिहीबार देशका सुदूरपश्चिम, कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशमा सामान्यदेखि पूर्ण बदली तथा बागमती, मधेस प्रदेश र प्रदेश नं १ मा आंशिकदेखि सामान्य बदली रहने, आज पनि देशैभरी सामान्यदेखि पूर्ण बदली रहने तथा शनिबार देशभरी आंशिकदेखि सामान्य बदली रहने जानकारी दिएको छ।




यसैगरी प्रदेश नं १, मधेस, बागमती तथा गण्डकी प्रदेशका थोरै स्थानमा हल्का वर्षाको सम्भावनाका साथै देशको उच्चपहाडी तथा हिमाली भूभागका थोरै स्थानमा हल्का हिमपातको सम्भावना रहेकाले चिसोबाट बच्न र त्यसको प्रभावबाट जोगिन आवश्यक सुरक्षा तथा सतर्कता अपनाउन महाशाखाले अनुरोध समेत गरेको छ।

सोही प्रणालीको प्रभावले बिहीबार सुदूरपश्चिम, कर्णाली, लुम्बिनी प्रदेश र गण्डकी प्रदेशका उच्चपहाडी तथा हिमाली भूभागका धेरै स्थानमा तथा बागमती र प्रदेश नं १ को उच्चपहाडी तथा हिमाली भूभागका केही स्थानमा हल्का हिमपातसहित पहाडी तथा तराईका अधिकांश स्थानमा मेघगर्जन र चट्याङसहित वर्षा भइरहेको छ। पश्चिमी वायुको प्रणालीले अझै केही दिन निरन्तर उच्चपहाडी तथा हिमाली भूभागका धेरै स्थानमा हल्कादेखि मध्यम हिमपातको सम्भावना रही पहाडी तथा तराईका धेरै स्थानमा मेघगर्जन चट्याङ/असिनासहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहनुका साथै गण्डकी तथा लुम्बिनी प्रदेशको एक वा दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ।

क्रमशः अन्तिम पृष्ठमा

# सहिदको सपनाप्रति जिम्मेवार हुनुपर्छ : प्रधानमन्त्री देउवा



**काठमाडौं ।** सहिद सप्ताहको अवसरमा सहिदको बलिदानकै कारण मुलुकमा लोकतान्त्रिक शासन व्यवस्था सम्भव भएको प्रधानमन्त्री शेरबहादुर देउवाले बताएका छन्। प्रधानमन्त्री देउवाले सहिदको बलिदानकै कारण वर्तमान मुलुकमा संघीय लोकतान्त्रिक शासन व्यवस्था सम्भव भएका हुन्।

सहिद सप्ताहको अन्तिम दिन लैनचौरस्थित सहिद स्तम्भमा माल्यार्पण गर्दै प्रधानमन्त्री देउवाले व्यक्तिगत स्वार्थ नराखी सहिदले गरेको त्याग र बलिदानका कारण मुलुकमा ठूलो राजनीतिक परिवर्तन सफल भएको धारणा व्यक्त गरे। सहिदको सपना साकार पार्न सबैले आ-आफ्नो स्थानबाट योगदान गर्नुपर्ने चर्चा गर्दै मुलुकमा विधिको शासन र राजनीतिक परिवर्तन पनि सहिदकै कारण सम्भव भएको धारणा व्यक्त गरे। सहिदले परिकल्पना गरेअनुसारको समृद्ध राष्ट्रनिर्माण गर्न सरकार प्रतिबद्ध रहेको उनले स्पष्ट पार्दै सच्चा सहिदको अभिलेख तयार गर्न सम्बन्धीत निकायलाई निर्देशन दिए।

क्रमशः अन्तिम पृष्ठमा

# देवकोटाको आध्यात्मिक चेतना

महाकवि देवकोटाका कृतिहरूलाई नियाल्दा उनी आस्तिव अर्थात ईश्वरवादी कविका रूपमा देखा पर्दछन्। आधुनिकताभन्दा प्राचीनताका पुजारी देवकोटा सृष्टिको समस्त रचना प्रकृतिको सौन्दर्य, कला, सारा प्राणी, वनस्पति, बस्तु र पदार्थभित्र ईश्वरकै अस्तित्त्व र कला देख्छन्। ईश्वरको सृष्टिमा जति कला र सौन्दर्य छ त्यसलाई मानिसले छोएर नबिगारोस् भन्ने उनी चाहन्छन्-

***सृजनाभित्र रचना राम्रा नजरका जुहार।***
***ईश्वरको हासो पाएका फूल छोएर नमार॥***

सृष्टिका हरेक प्राणी, वनस्पती, बस्तु र पदार्थभित्र ईश्वर छिपेको छ भन्ने उनको ठहर छ। सारा प्राणीहरूको आवाजमा उसैको आवाज छ भन्ने उनी ठान्दछन्। ईश्वर सर्वत्र भएकाले मठ-मन्दिर धाएर तीर्थयात्रा गरेर उसलाई खोजिरहन जरुरी छैन, हामी स्वयम्भित्र पनि उसको अस्तित्त्व भएकाले जहाँ गए पनि ऊ साथसाथै हुन्छ भन्ने उनको मान्यता छः-

***साथी यात्री बीच सडकमा ईश्वर हिड्छ साथ,***
***छुन्छ तिलस्मी करले उसले सेवकहरूको माथ।***

मानिस पशुपन्छी तथा सारा प्राणीहरूको आवाजमा ईश्वरकै आवाज रहेको छ भन्ने उनको बुझाइ छ :

*'आधुनिकताभन्दा प्राचीनताका पुजारी देवकोटा सृष्टिको समस्त रचना प्रकृतिको सौन्दर्य, कला, सारा प्राणी, वनस्पति, बस्तु र पदार्थभित्र ईश्वरकै अस्तित्व र कला देख्छन् ।*
*सारा प्राणीहरूको आवाजमा उसैको आवाज छ भन्ने उनी ठान्दछन्। ईश्वर सर्वत्र भएकाले मठ-मन्दिर धाएर तीर्थयात्रा गरेर उसलाई खोजिरहन जरुरी छैन भन्दै आफ्नो हृदयको चेतनाको ज्योतिलाई केन्द्रित गर्न उनी निदेर्श गर्दछन् ।'*

समय-सन्देश
दामोदर निरौला

***सडक किनारा गाउँछ ईश्वर चराहरूको तानामा,***
***बोल्दछ ईश्वर मानिसहरूको पीडा दुःखको गानामा।***

भिखारीको भेषमा आफ्नो परीक्षा लिन ईश्वरै आएको हुनुपर्छ भन्ने उनको अनुमान छ। सृष्टि र विनाशमा उसकै हात रहेको देखेर उनी भन्दछन्ः-

***ईश्वर तैंले रचेर फेरि कसरी बिगारिस्!***
***सृष्टिको फूल रचेर फेरि कसरी लतारिस्!***

क्रमशःदोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फइको मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- २७, अङ्क- २६, माघ २१ गते शुक्रबार, २०७८

## सम्पादकीय

# ‘सोकेस’ का ‘वस्तु’ मात्रै हुन् र सहिद ?

नेपाली समाजले सहिदहरूलाई असाध्यै आदर गर्दछ। जुनसुकै राजनीतिक दल, समूह वा पक्ष होस् या कुनै स्वतन्त्र र शुभेच्छुक नागरिक नै किन नहोस्; कुनै सङ्घ-संस्था या सरकारी-गैरसरकारी निकाय या कार्यालय नै किन नहोऊन्- सबै-सबैले ‘सहिद’ पदावलीप्रति नतमस्तक हुने र आदरभाव प्रकट गर्ने गरेका पाइन्छन्। राष्ट्र र जनताका पक्षमा प्राणोत्सर्ग गर्नेहरूप्रतिको यस्तो सर्वत्र कृतज्ञता, आभार र आदर स्वागतयोग्य कुरा हो।

तर, विडम्बनाको कुराचाहिँ के छ भने वचन र शब्दमा यसरी सहिदहरूप्रति आदरभाव प्रकट गर्ने व्यक्ति र संस्थाहरूले सहिदका आदर्श पछ्याउने, पालना गर्ने र अनुशरण गर्ने काम भने पटक्कै गरेको देखिँदैन। सहिदहरूको स्मृति र सम्मानका क्रममा समेत ‘नाफा’-‘घाटा’ को हिसाबकिताब हुने गरेको देखिँदैछ। अर्को भाषामा भन्नुपर्दा सहिदहरूलाई कसैले ‘व्यापारका माल’ त कसैले ‘स्वार्थसिद्धिका साधन’ मात्रै बनाउने गरेको पाइन्छ।

यथार्थतः सहिदहरू कसैका ‘माल’ वा ‘साधन’ होइनन्’ अथाह प्रेरणाका पुञ्ज हुन्, सत्कर्मका मार्गदर्शक हुन् र खबरदारीका पहरेदार समेत हुन्। देशभर सहिद दिवस मनाइरहँदा यी यथार्थताप्रति सजग, सचेत र इमानदार हुनु सबैको कर्तव्य हो। महान् सहिदहरू- अमर रहून्! सहिदका सपना- साकार पारौं! सहिदहरूले देखाएका गोरेटोमा इमानदारिताका साथ अघि बढौं !!

## देवकोटाका...

***हे दैव पर्दा चाँडै नै उठा***
***धन्य छ तँलाई।***

दुनियाँका समस्त आत्माज्ञानी बृद्ध पुरुष, ऋषिमुनि र सन्त महत्मा हरूले दावी गरेझैं हाम्रै शरीरभित्र आत्मातत्त्वको रूपमा ईश्वर छिपेको छ भन्नेमा उनलाई कुनै भ्रम छै र उनी भन्छन्ः-

***देखिन्छ ईश कुन मन्दिरमा पसेर ?***
***त्यो हाँस्छ शुद्ध मन आसनमा बसेर।***

आफैंभित्र रहेको ईश्वरलाई बाहिर खोज्दै हिँड्नु अज्ञान र मूर्खताबाहेक केही होइन भन्ने उनको ठहर छ। त्यसैले मन्दिर-मन्दिर धाउने, तीर्थ यात्रामा जाने यात्रीहरूलाई त्यो यात्रा गलत भएको बताउँदै आफ्नो हृदयको अन्तरतनमा चेतनाको ज्योतिलाई केन्द्रित गर्न उनी निदेर्श गर्दछन्ः-

***भित्र छ ईश्वर बाहिर आँखा, खोजी हिँड्छौ कुन पूर ?***
***खोजी गर्छौ हृदय लगाऊ, बत्ती बाली तेज प्रचूर।***

सन्त कबीर भन्दछन्-‘जो तिलमे तेल हे, जो चमनकनें आग, तेरा साई तुझमे ही, जाग सकेत तो जाग।’ अर्थात् तिलभित्रै तेल छिपेको छ, चमकमा आगो छिपेको छ। त्यस्तै तिम्रो साई अर्थात् भगवान तिमीभित्रै छ, जाग्न सक्छौ भने जाग। सन्त कबीरको यो भनाइमा देवकोटाको उपर्युक्त श्लोकको आशय ठ्याक्कै मेल खान्छ। यसैगरी ‘जवन ही हे प्रभु, और ना खोजना कहीँ’ भन्नुहुने ओशो रजनिशको भनाइसँग देवकोटाको धारणा मिल्न जान्छ।

स्वयमुभित्र मौजुदा ईश्वरलाई जान्ने त्यसलाई चिन्ने वा अनुभूति गर्ने ध्यान र ज्ञानको मार्ग आफूलाई मनपर्ने कुरा उनले यसरी व्यक्त गरेका छन्- ‘संसारको घच्याघमासानमा पसिना काढी हिसा लिनुभन्दा ध्यान र ज्ञानको गंगा हिमागिरिशिला यसलाई ज्यादा मन पर्छ।’

आधुनिक सहरिया सभ्यता भौत्तिक र जडवादी विश्व दृष्टिकोण, कृत्रिम र यान्त्रिक जीवनशैलीप्रति उनी बिलकुलै सहमत छैनन्। बाहिरबाट रंगरोगन गरेर देखावटी नाटक र ढोंग रचेर आडम्बर प्रदर्शन गर्दै हिँड्ने कथित सभ्य र भलाद्मी भनाउँदाहरूको बोक्रे प्रवृत्तिको धज्जी उडाउँदै निबन्धमार्फत उनले भण्डाफोर गरेका छन्। आधुनिक बोक्रे भलाद्मीहरूले कृतिम उपायद्वारा बाहिरबाट आफूलाई जति सिंगारे पनि ध्यान र ज्ञानको मार्गमा लागेका सिद्धयोगी फुस्रा उनको सौन्दर्यका सामु केही होइन भन्ने उनको बुझाइ छ। शास्त्रीय ग्रन्थ र संसारका सम्पूर्ण किताबहरूको डङ्गुरभन्दा ‘ओंमकार’ को विन्दु नै ठूलो देखेका छन् उनले। जसमा सारा वेद, उपनिषद्, गीतालगायत सम्पूर्ण शास्त्रीय ग्रन्थहरूको सार समेटिएको छ।

ईश्वरको अस्तित्त्व, सिद्ध महात्माहरूको सादा जीवन, उच्चविचार, ध्यान र ज्ञानको महिमाबारे आफ्नो मन मस्तिष्कमा यति गहिरो प्रभाव हुँदाहुँदै पनि दिल खोलेर यस मार्गमा लाग्न भने उनी हिचहिचाउको देखिन्छ। जसको स्पष्ट छनक उनको वन कवितामा पाइन्छ :

***‘योगी बोले चढाऊ समाधि खुल्छ तिमीकन स्वर्गद्वार, मैले बोलें हेर्नुछ मैले भाइहरूको घरबार !’***

यसो भनेर देवकोटाले ध्यान र ज्ञानको मार्गबाट आफूलाई अन्यत्रै मोडेका रहेछन् भन्ने देखिन्छ। ‘मैले भाइहरूको घरबार हेर्नुछ’ भन्ने जवाफ दिँदै ध्यान र समाधिको मार्गमा लाग्ने योगीहरूको प्रस्तवलाई अस्वीकार गर्न पुगेका देवकोटाले सायद यही कारण जीवनको अन्तिम क्षणमा पश्चाताप गर्दै प्राण त्याग गर्न पुगेका छन्। जीवनको अन्तिम घडीमा उनले भनेका छन् :

***रहेछ संसार निशा समान***
***आएन ज्यूँदै रहँदा नि ज्ञान***
***आखिर श्रीकृष्ण रहेछ एक***
***न भक्ति भो ज्ञान न भो विवेक !***

निशासमान सांसारिक जीवनमा आफूले आत्मज्ञानको उज्यालो देख्न नपाएको, ज्ञानबाट वञ्चित भएको, ईश्वरको साक्षात्कारबाट मिल्ने भक्तिभाव, वैराग्य र ज्ञानको आनन्द प्राप्त गर्नेतर्फ आफूले विवेकपूर्ण पाइला नचालेकामा गहिरो दुःख र पश्चातापमा उनी जल्न पुगेका छन्। ध्या र ज्ञानको गंगा हिमागिरीशिला यसलाई ज्यादा मनपर्छ भन्दाभन्दै पनि ध्यान समाधिको मार्गमा लाग्ने योगीहरूको प्रस्तावलाई भने उनी इन्कार गर्न पुगे। यहीँनेर हाम्रा महाकविले जीवनको बाटो बिराएको छनक पाइन्छ। जसका कारण आध्यामिक चेतना प्रखर हुँदाहुँदै पनि त्यसको गहिराइमा डुब्न उनी असमर्थ भए। चेतनाको शिखर चुम्नबाट उनी वञ्चित भए।

फलतः ***‘ज्ञान मर्दछ हासेर रोई विज्ञान मर्दछ’*** भन्ने समको उक्ति उनको जीवनमा चरितार्थ हुनपुग्यो। यहाँ प्रश्न उठ्न सक्छ- के योगीहरूको प्रस्ताव स्वीकार गरेर ध्यान समाधितिर लागेको भए देवकोटाको जीवनमा क्रान्ति आउने थियो त ?

यसको उत्तर यति सहज छैन किनकी आजको संसामा सक्कलीभन्दा नक्कली योगीहरूकै आधिक्यता छ। तर यो कुरा निश्चित रूपमा भन्न सकिन्छ कि वास्तविक योगी (आत्मज्ञानी, बुद्ध पुरुष)को सान्निध्य पाएको भए यति गहिरो आध्यात्मिक चेत र संवेदनशील हृदय भएका कवि देवकोटाको जीवनमा अवश्य नै क्रान्ति आउने थियो। जसरी रामकृष्ण परमहंसको सान्निध्य पाएर विवेकानन्दको जीवनमा महाक्रान्ति घटित भयो। अष्टाबक्रजस्ता आत्मज्ञानी ऋषिलाई गुरुको रूपमा पाएर राजा जनक परम ज्ञानमा उपलब्ध भए। सन्त रविदासको दीक्षाबाट मिराको जीवन धन्य भयो। योगी विष्णुभाष्कर लेलेको मार्गदर्शनबाट अरविन्दले विचारशून्य चैतन्यको अनुभव गरे। महाकवि देवकोटाको जीवनकालभरि शिवपुरी बाबा स्वामी गोविन्दानन्द भारतीजस्ता आत्मज्ञानी ऋषि यसै शिवपुरी डाँडामा रहनुहुन्थ्यो। नक्कली योगी र तथाकथित सिद्ध बाबाहरूले झैं आफ्नो विज्ञापन तथा सिद्धिको क्षुद्र पद्रर्शन वास्तविक योगीको पहिचान देवकोटालाई हुन सकेन। फलतः उनको जीवनमा ज्ञान, वैराग्य र भक्तिको उदय हुन सकेन।

आफूलाई प्राचीनताको पुजारी भन्न मन पराउने देवकोटा ‘आधुनिक दुनियाँको धच्चममासनमा पसिना काढी हिस्सा लिनुभन्दा ध्यान र ज्ञानको गंगा’ रोज्ने मनसाय हुँदाहुँदै पनि सच्चा गुरु प्राप्त गर्न नसक्दा संसारको घच्चाघमासानमै हराउन पुगे र अन्तकालमा ‘रहेछ आखिर श्रीकृष्ण एक, न भक्ति भो ज्ञान न भो विकेक’ भन्दै बडो पश्चाताप र खेदका साथ उनको इहलिला समाप्त भयो।

यदि विगतमा उनले सोचेजस्तै ध्यान र ज्ञानको मार्गतर्फ लागेका भए र वास्तविक सन्त महात्मालाई गुरुको रूपमा पाएका भए उनले आत्मज्ञानको उज्यालो अवश्य पाउने थिए। उनलाई कृष्णतत्त्वको बोध हुने थियो। यसो हुन सकेको भए उनको लेखनीबाट गीताजस्तो गरिमामय काव्य जन्मने थियो। उनको मुखबाट वेदका वाक्य निस्कँने थिए। त्यति नभए पनि कम से कम रवीन्द्नाथ ठाकुर र खलिल जिब्रानजस्ता कविहरूको उचाइ हाम्रा महाकविलाई प्राप्त हुन्थ्यो भन्न सकिन्छ।

(शब्दयात्रा साहित्यिक त्रैमासिकबाट)

## सर्वहारा...

*देशको वस्तुगत तथा आत्मगत व्याख्या विश्लेषणसहित आकृष्ट गर्न परिवर्तनका पक्षधर जनतालाई एउटै नारामा आबद्ध गर्न क्रान्तिका लागि एउटा आधार तयार पार्न उपत्यकामा सञ्चालित ‘भल्का’ अभियान एउटा अत्यन्तै महत्वपूर्ण अभियान थियो। यसले पार्टीलाई स्थापित गर्न सांगठनिक आधार तयार पार्न र आम जनतालाई क्रान्तिमा आबद्ध बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्न पार्टी सफल भयो।*

*जब पार्टीले अन्तर्राष्ट्रिय सर्वहारावर्गको अभिभारा पूरा गर्ने महान् लक्ष्यसहित अवसरवादी तथा प्रतिक्रियावादी वर्गका भ्रमपूर्ण नारालाई च्यातच्युत बनाउँदै मार्क्सवादी दर्शनका जगमा टेकेर ‘विश्वका मजदुर एक होऔं’ ‘सशस्त्र संघर्षद्वारा सत्ता कब्जा गरौं’ ‘नयाँ जनवादी व्यवस्थाको स्थापना गरौं, ‘सामाजवाद हुँदै साम्यवादमा पुग्न निरन्तर वर्गसंघर्षमा अघि बढौं’ भन्ने एमाले रणनैतिक नाराका आधारमा तात्कालीन रूपमा ‘प्रतिक्रियावादी सत्तालाई ध्वंश गर्दै नयाँ जनवादी सत्ता स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौं’ भन्ने नारालाई अगाडि सार्‍यो।*

*त्यसले आम जनतालाई विद्रोहमा उत्रन आह्वानसहित सशस्त्र संघर्षको घोषणा गर्‍यो। रणनैतिक रूपमा वर्गसंघर्षलाई स्थापित गर्न, संगठनको मुख्य रूप फौजी, संघर्षको मुख्य रूप युद्ध भन्ने मान्यतालाई व्यवहारमा प्रस्तुत गर्दै छापामार युद्धको थालनी गर्‍यो। रणनीति, कार्यनीतिको संयोजन ठीक तवरबाट गर्नका साथै राजनीतिक कार्यदिशा समेत स्पष्ट रूपमा अगाडि सार्दै आम जनतालाई क्रान्तिमा गोलबन्द गर्दै सर्वहारा वर्गीय पहिचान बनाउन पार्टी सफल भयो। रणनैतिक रक्षाको फौजी कारबाहीका क्रममा समेत आमजनतालाई एउटै नाराका आधारमा समेट्दै अगाडि बढ्न थुप्रै तत्कालीन नाराहरू तय हुँदै आए।*

*यो एउटा नेपाली क्रान्तिको विशेषता पनि बन्दै आयो।*

*पश्चिम कमाण्डले चलाएको ‘सिज’ अभियान, मध्यकमाण्डले चलाएको ‘चुम’ अभियान, पूर्वीकमाण्डले चलाएको ‘हिमको’ अभियान एक प्रकारका महत्वपूर्ण अभियानात्मक नारा तय भए। रणनैतिक लक्ष्यलाई पूरा गर्न कार्यनैतिक नाराहरूको महत्वपूर्ण भूमिका निर्वाह गर्न आन्दोलन सफल रह्यो।*

*युद्धको घोषणा पश्चात ‘योजनाबद्ध ढंगबाट छापामार युद्धको विकास गरौं’ भन्ने नारा दिएर सुरु गरिएको छापामार युद्धलाई विकास गर्दै जाने क्रममा क्रमशः नाराको विकास पनि हुँदै आयो।*

*कतिपय नारा रणनैतिक महत्व राख्ने त कतिपय कार्यनीतिक महत्व राख्ने तवरबाट विकसित हुँदै आएका छन्।*

*भर्खरै मात्र तय गरिएको ‘क्रान्तिकारी रूपान्तरणको प्रक्रियालाई नयाँ उचाइमा उठाउँदै रणनैतिक प्रत्याक्रमणको चरणमा प्रवेश गरौं’ भन्ने केन्द्रको नाराले एकातिर सिंगो पार्टीलाई रूपान्तरण गर्न आह्वान गरेको छ भने अर्कोतिर वर्गसंघर्षलाई नयाँ उचाइमा उठाउन पहलकदमी लिन सफल भएको छ। उक्त नाराले एकातिर सिंगो पार्टीलाई रूपान्तरण गर्न आह्वान गरेको छ भने अर्कोतिर वर्गसंघर्षलाई नयाँ उचाइमा उठाउन पहलकदमी लिन सफल भएको छ।*

*उ*
*क्त नाराले पार्टीभित्र हुर्कंदै गएको आत्माकेन्द्रित व्यक्तिवाद, नोकरशाही कार्यशैलीका विरुद्ध वैचारिक, राजनीतिक, आर्थिक, सांगठानिक र सांस्कृतिक शुद्धकिरणको माग गरेको छ।*

*वैचारिक क्षमताको विकास गर्नका साथै रूपान्तरणको पहलका निमित्त माग गरेको छ।*

*वैचारिक क्षमताको विकास गर्नुका साथै रूपान्तरण गर्न नसकिने व्यक्तिका हकमा जिम्मेवारीको फेरबदल गर्दै रूपान्तरणको पहलका निमित माग गरेको छ।*

*पार्टी केन्द्रको उक्त आह्वानपश्चात कमाण्ड, क्षेत्र, जिल्ला कमिटीहरूले आ-आफ्नो विशेषतानुरूप कार्यनैतिक तथा रणनैतिक प्रभाव पार्ने महत्वपूर्ण नाराहरू तयार पारेर अभियानहरू सञ्चालन गर्दैछन्।*

*यसै सन्दर्भमा पूर्वी केन्द्रीय कमाण्डले तयार पारेको ‘त्रि-लक्ष्य अभियान सफल पारौ!’ भन्ने नारा तथा मेची-कोशी क्षेत्रीयब्यूरोले तयार पारेको ‘मेची-कोशी जनसैन्य प्रतिरोध अभियान सफल पारौं’ भन्ने नारा अत्यन्तै समसामयिक नाराहरू हुन्।*

*मेची-कोशी जनसैन्य प्रतिरोध अभियानका नाराले व्यक्तिवादी अराजकतावाद र नोकरशाही कार्यशैलीलाई सच्याउँदै पार्टीको कमाण्डमा सेना, मोर्चा, जबस र परिवर्तनका पक्षपाति जनताका बीचमा एकीकृत कमाण्ड बनाउँदै प्रतिरोध गर्न योजना बनाएको छ।*

*राजनीतिक तथा फौजी हस्तक्षेपलाई व्यापक मात्रामा बढाउन सहयोग पुग्ने स्पष्ट छ।*

*प्रतिक्रियावादी दुश्मनलाई धक्का दिँदै प्रत्याक्रमणको पहिलो योजना शानदार रूपमा सम्पन्न हुँदैछन्। पूर्वी केन्द्रीय कमाण्डले तय गरेको ‘त्रि-लक्ष्य अभियान सफल पारौं!’ भन्ने नाराले केन्द्रीय लक्ष्य पूरा गर्न अत्यन्तै सटीक र बहुआयामिक बन्दै आएको छ।*

*उक्त नाराको मुख्य विशेषता भनेको सर्वहारा वर्गको वैज्ञानिक दर्शन ‘मार्क्सवाद-लेनिनवाद-माओवादको विकास वैज्ञानिक समाजवादका क्षेत्रमा विकास पनि हो।*

*भारतीय विस्तारवाद, अमेरिकी साम्राज्यवाद, देशीय सामन्तवादका विरुद्धको संघर्षलाई एक साथ अगाडि बढाउनु पनि हो।*

*वैचारिक क्षमताको विकास, अन्तर्राष्ट्रिय प्रतिक्रियावादी वर्गका विरुद्धको संघर्ष र प्रत्याक्रमणको योजनाको कार्यान्वयनलाई पनि यसले समेटेको छ।*

*पार्टी, सेना र सत्ताको एकीकृत तथा केन्द्रीकृत नेतृत्वको सोच पनि यस नाराले समेटेको छ। यसरी उक्त नारालाई कार्यान्वयन गर्नु भनेको सबै प्रतिक्रियावादलाई परास्त गर्दै प्रत्याक्रमणलाई कार्यान्वयन गर्ने भन्ने हो। त्यसैले ‘त्रि-लक्ष्य अभियान सफल पारौं!’ भन्ने नारा आफैंमा बहुआयामिक छ।*


*यसरी हेर्दा सर्वहारा वर्गको दर्शन उदयभन्दा अगाडि कतिपय क्रान्तिहरू स्पष्ट लक्ष्यसहित तय भएका नाराका अभावमा गोलचक्कर मारिरहेका थिए।*

*सर्वहारा वैज्ञानिक दर्शनको प्रतिपादनपश्चात् क्रान्तिकारी नाराका आधारमा आन्दोलनहरू विकसित हुँदै आए।*

*नेपाली क्रान्तिको तयारीदेखि वर्तमानसम्म आइपुग्दा पार्टीका विभिन्न तहका कमिटीहरूले तय गरेका नाराहरूका आधारमा तय गरिएका राजनीतिक तथा फौजी योजनाहरूले सामन्तवादी राजतन्त्रात्मक सत्तालाई धराशायी बनाउँदै आएको छ।*

*यसर्थ सर्वहारा वर्गको आन्दोलनमा नाराको आवश्यकता अत्यन्तै महत्वपूर्ण रहँदै आएको स्पष्ट नै छ।*
*(कम्युनिस्ट आन्दोलन र नेपाली क्रान्तिबाट)*

# सर्वहारा क्रान्तिमा 'नारा' को महत्त्व



विचार-दृष्टिकोण

दिनेश शर्मा

आजसम्मको मानव इतिहास आदिम साम्यवादी समाजलाई छाडेर वर्गयुद्धको प्रक्रियाबाट गुज्रँदै आएको इतिहास हो । आदिम साम्यवादी युगमात्र यस्तो युग थियो जहाँ एक अर्काप्रति शोषण, दमन, उत्पीडन अथवा समाजमा वर्ग विभेद थिएन । जब समाजमा शोषक र शोषितका रूपमा वर्ग विभाजित हुन पुग्यो तब मात्र आफ्नो वर्गको वर्गस्वार्थका खातिर नाराको आवश्यकता पर्न गयो ।

दास मासज होस् या सामन्तकालीन समाज होस् त्यहाँ सत्ताका आडमा शासक वर्गले आफ्नो वर्ग स्वार्थ अनुकूलको सत्ता टिकाइराख्न नयाँ नाराको आविष्कार गरेर शोषण गरिराख्नुको औचित्य साबित गर्ने कोशिस निरन्तर रूपमा गर्दै आए ।

उत्पीडित वर्गले आफ्नो वर्गको मुक्तिका खातिर एउटा सही नारा पहिल्याउन सकेका थिएनन् ।

यद्यपि दास युगमा दास-दासीका नेता स्पार्टाकसको नेतृत्वमा भएको सशस्त्र संघर्षमा भने एउटा नारा दिए, दास मालिकहरूको सत्ताका विरुद्ध सशस्त्र संघर्षको अनिवार्यता ।

यो नाराले दास-दासीहरूको मन छोयो, मन जित्यो र दास-दासीलाई एकजुट बनाएर सशस्त्र संघर्षमा संगठित गऱ्यो ।

यसबाट के स्पष्ट हुन्छ भने क्रान्तिकारी नारा र कार्यदिशाले सबैलाई गोलबन्द गर्न सक्दछ र आफ्नो उद्देश्य पूरा गर्नका खातिर जनतालाई आन्दोलनमा उतार्न सक्दछ ।

सर्वहारा वर्गको हातमा शासनसत्ता नभएको अवस्थामा सत्ता प्राप्तिको आन्दोलन तथा सत्ता सुदृढका लागि सुस्पष्ट वैज्ञानिक नारा तय गरेर स्थापित गर्न नसक्न केही भ्रमहरू रहँदै आएका छन् । तर शासकवर्गले भने सत्ता प्रयोग गरेर जनतालाई भ्रम दिइराख्न, आफ्नो सत्ता सुदृढ गर्नका लागि आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक र धार्मिक विषयहरूलाई नाराको रूपमा विकास गर्दै आफ्नो विचारहरूलाई समाजमा स्थापित गर्न सफल हुँदै आए ।

मुख्यतः उनीहरूले समाजलाई दुई भागमा विभाजित गरेर विस्थापित गर्ने कोशिस गरे । एकातिर राजनीतिक, अर्कोतिर धार्मिक प्रश्न अगाडि सारेर सबैभन्दा बढी भ्रम दिन सफल भए ।

धार्मिक मान्यता र धार्मिक नारा जनतालाई भ्रम पैदा गर्न सबैभन्दा उपयुक्त माध्यम बनाए । धार्मिक प्रचारका माध्यमबाट जनतालाई सजिलै बेवकुफ बनाउन सकिने हतियारको प्रयोग उनीहरूले गर्दै आए ।

पुख्यतः समाजमा भएका सबै चमत्कारिक कार्यहरू 'ईश्वरका खेल हुन्' 'धर्म-पाप' र 'स्वर्ग-नर्क' जस्ता विविध प्रकारका धार्मिक नाराहरूलाई सूत्रबद्ध गरेर समाजमा गरिब, दुःखी, अशिक्षित श्रमिक सर्वहारा वर्गलाई हजारौं, लाखौं पटक भजनका रूपमा गीत र कविताका लयमा गाउन लगाएर काफी मात्रामा भ्रम दिँदै आए शोषकवर्गले ।

वर्तमान आधुनिक युगमा समेत शासक वर्गले यही नारा दिँदै आएका छन् । २१औं शताब्दीको वर्तमान आधुनिक युगमा समेत कोणबाट नारा दिएर जनतालाई व्यापक मात्रामा भ्रम दिँदै आमूलपरिवर्तनको संघर्षलाई कमजोर बनाउँदै आएका छन् । सर्वहारा वर्गले आफ्नो वर्गको मुक्तिका खातिर स्पार्टाकसदेखि अगाडि सार्दै आएका सशस्त्र संघर्षको नारालाई वैज्ञानिककृत र परिमार्जित बनाउँदै सर्वहारा वर्गलाई एकत्रित बनाउन नयाँ ढंगबाट नाराको विकास गर्दै आएका छन् । 'सशस्त्र युद्धमा एकता', 'सबै मजदुर दाजुभाइ', 'सबै सर्वहारावर्गले राज्यमा भाग लिन पाउन पर्ने' जस्ता नाराहरू सर्वहारा वर्गले ल्याएका नाराका प्रकृतिहरू हुन् ।

यद्यपि ती नारा आफैंमा प्रगतिशील हुँदा-हुँदै पनि समग्र राज्यसत्ता प्राप्तिका खातिर पर्याप्त बन्न सकेका थिएनन् । वर्गसंघर्षका क्रममा सर्वहारा वर्गका महान् नेताहरूले मानव जातिका मुक्तिका खातिर क्रान्तिकारी नाराका आधारमा आन्दोलनलाई संगठित गर्दै आए ।

सर्वहारावर्गका महान् नेता कार्लमार्क्स तथा फ्रेडरिक ऐङ्गेल्सको अगुवाइमा सर्वहारा श्रमजीविवर्गका मुक्तिका खातिर खान्दोलनको स्वरूप र सत्ताको वैज्ञानिक मोडलसहित 'विश्वका मजदुरहरू एक होऔं' भन्ने मुख्य नारा अगाडि सार्दै विश्व सर्वहारा वर्गको आन्दोलनलाई अगाडि बढाएका थिए । आजसम्म विश्वका उत्पीडित वर्गले त्यही नाराका आधारमा आफ्नो वर्गको मुक्तिको बाटो खोजिरहेका छन् ।

आफ्नो वर्गको मुक्तिको भविष्य यसैमा देखेका छन् ।

सर्वहारा वर्गको वैज्ञानिक दर्शका आधारमा तय गरिएका नाराका कारण विश्वमा आन्दोलनदेखि आन्दोलनसम्म गोलचक्कर मारिरहेको आन्दोलनले निकास प्राप्त गऱ्यो । सामाजिक अन्तर्विरोध पैदा हुनुको मुख्यकारण के हो, सर्वहारावर्गको विद्रोहको स्वरूप कस्तो हुने, संघर्षद्वारा प्राप्त अधिकारको रक्षा कसरी गर्ने भन्नेजस्ता अहम् महत्वका प्रश्नमा मार्क्सवादले वैज्ञानिक निष्कर्षसहित कार्यनैतिक तथा रणनैतिक नारा तय गऱ्यो ।

मुख्यतः 'विश्वका मजदुरहरू एक होऔं', 'समाजवादी सत्ताको स्थापना गरौं', 'साम्यवादमा पुग्न निरन्तर वर्गसंघर्षमा अगाडि बढौं' भन्ने सर्वहारावर्गका मुक्तिको मुख्य नारा हुन् । यही नाराका आधारमा सर्वहारावर्गले विद्रोह गऱ्यो र नारालाई व्यवहारमा उतारेर आफ्नो अभिभारा पूरा गरे । सर्वहारावर्गको विद्रोहले आफ्नो वर्गको मुक्तिका साथै मार्क्सवादलाई झनै समृद्ध बनाउने काम गऱ्यो ।

विश्व सर्वहारावर्गको आन्दोलनमा घुसेका अवसरवादी गद्दोरहरू 'सशस्त्र संघर्षद्वारा सत्ता कब्जा गरौं' भन्ने एमाले नारालाई संशोधन गर्दै क्रान्तिकारी आन्दोलनको मर्मलाई कमजोर बनाउने तथा क्रान्तिको घाँटी निमोठ्ने काम समेत गर्दै आएका छन् ।

कतिपय अवसरवादीहरूले सशस्त्र संघर्षको सारलाई भन्दा पनि रूप पक्षलाई मात्र अगाडि सारेर अथवा नारामा मात्र सीमित पार्ने छद्म अवसरवादी कार्यहरू पनि हुँदै आएका छन् । मार्क्सवादका नाममा देखा परेको घोर अवसरवाद र संशोधनवादले सर्वहारावर्गको क्रान्तिकारी आन्दोलनप्रति उनीहरूले गरेका गद्दारीहरू हुन् ।

प्रतिक्रियावादीवर्ग तथा अवसरवादी भ्रम र जाललाई च्यातच्युत बनाउँदै सर्वहारावर्गले चलाएका सशस्त्र विद्रोहले रुस, चनिलगायत विश्वका कैयौं देशमा समाजवादी सत्ता स्थापना भए । तर संशोधनवादी गद्दारहरूले समाजवादको घाँटी निमोठेर पुनः पुँजीवाद फर्काउन 'पुँजीवादबाट शान्तिपूर्ण रूपमा समाजवादमा संक्रमण', 'विरालो कालो भए पनि सेतो भएपनि मुसा मार्ने हो' जस्ता नारा दिएर प्रतिक्रान्ति गर्न पुगे । जसले गर्दा क्रान्तिद्वारा स्थापित समाजवादी सत्ता पुँजीवादमा पतन हुन् पुगे । नाराको अष्पटता र विकृतिले गर्दा सर्वहारावर्गले पुनः एक पटक हार खान पुग्यो ।

त्यसैले सर्वहारावर्गले पार्टीको विचार, नीति, योजना, कार्यक्रम र नारा कस्तो तयार गरेको छ भन्ने विषयलाई सूक्ष्म तवरले नियाल्नु अति आवश्यक छ । अन्यथा सर्वहारावर्गको आन्दोलनले धोखा खान पुग्दछ ।

विश्वसर्वहारा आन्दोलनको एक टुकडी नेपालको सर्वहारा वर्गीय आन्दोलनमा समेत नाराको प्रभाव काफी मात्रामा पर्दै आएको छ । सामान्तवादी सत्ताले आफ्नो सत्ता कायम राख्न मूलतः धार्मिक नाराको सहारा लिँदै आएको छ ।

यथास्थितिवादी तथा प्रतिक्रियावादी पार्टीहरूले आ-आफ्नो वर्गस्वार्थ अनुरूप अवसरवादी तथा भ्रमित प्रकारका नारा दिँदै आएका छन् 'प्रजातान्त्रिक समाजवाद' 'राष्ट्रिय प्रजातन्त्रको आन्दोलन', 'संसदीय व्यवस्थाको स्थापना' 'आन्दोलनको प्रधानपक्ष जनआन्दोलन', 'जनताको बहुदलीय जनवाद', 'देशभक्त जनतान्त्रिक शक्तिको सरकार', 'कानुनी राज्य' 'संवैधानिक राजतन्त्र', 'संसदीय व्यवस्था', 'मानव अधिकार' आदि-आदि जस्ता नाराहरू अवसरवादी चिन्तन दृष्टिकोणबाट पैदा भएका अवस्तुवादी नाराहरू हुन् ।

यसप्रकारका नाराहरूले नेपाली सर्वहारावर्गको आन्दोलन वस्तुनिष्ट तवरबाट अगाडि बढ्न सक्दैनन् । कांग्रेस होस् या तात्कालीन कम्युनिस्ट तवरबाट अगाडि बढ्न सक्दैनन् ।

अस्पष्टता र भ्रमपूर्ण नाराका कारण उठेका आनदोलन समेत प्रभावकारी तवरबाट स्पष्ट वैज्ञानिक नारा दिने प्रयत्न निरन्तर रूपमा गर्दै अनाएका भने होइनन् ।

सर्वहारा वर्गलाई उत्साहित बनाउँदै लगेको थियो ।

जब सर्वहारा वर्गको पार्टीले आफ्नो रणनैतिक तथा कार्यनैतिक लक्ष्य निर्धारण गर्दै क्रान्तिकारी कार्यदिशा तय गऱ्यो ।

तब नाराहरूको मूर्तिकरणसहित आन्दोलन अगाडि बढ्यो ।

क्रमशः दोस्रो पृष्ठमा


## 'पूर्खाको पौरख, पनौतीको गौरव : १२ वर्षे मकर मेला हामी सबैको वैभव'


**'घुम्न जाऔं पनौती यही माघैमा, भरौं मकर कमाऊँ पुण्य हाम्रो साथैमा'**

**स्तरीय, सुरक्षित बसाइमा होमस्टे, होटल, रिसोर्ट/यात्राका लागि सार्वजनिक बस सेवा, राजधानी काठमाडौंबाट मात्र ३२ कि.मी. दक्षिण-पूर्व पनौतीको पवित्र त्रिवेणी घाटमा १२ वर्षे मकर मेलामा सहभागी बनौं ।**

# पनौती नगरपालिका

**मकर मेला मूल व्यवस्थापन समितिको सचिवाल**

# माधवनारायणका ब्रतालुहरूद्वारा पशुपतिनाथको पूजा–आराधना



**काठमाडौं ।** आर्यघाटमा स्नान गरी शालीनदीस्थित माधवनारायणका ब्रतालु तीर्थयात्रीहरूले पशुपतिनाथ मूल मन्दिरमा पूजाअर्चनासहित दर्शन गरेका छन् । धार्मिक तीर्थस्थल शालीनदीमा एक महिनासम्म माधवनारायण र स्वास्थानी देवीको भक्तिभावपूर्ण पूजाअर्चना गरिरहेका ब्रतालुहरूले आर्यघाटमा स्नान गरी राष्ट्रदेव पशुपतिनाथ मूल मन्दिरमा पूजा आराधना एवं दर्शन गरेका हुन् ।

पशुपतिनाथको दर्शनपछि बर्तालुले मंगलबार बिहान ताम्रेश्वरमा पुगी अर्घ्यदान गरेका छन् । ताम्रेश्वरमा अर्घ्यदानपछि बर्तालु पैदल हिँडेर सलम्पाख अर्थात सानोगौचरणमा पुगेर भोजन गरेको थिए । ब्रतालुहरू सिंहदरबार हुँदै दक्षिणकाली नगरपालिकाको शेषनारायणमा गएर बास बस्ने र माधवनारायणलाई दरबार क्षेत्रमा रहेको नारायण मन्दिरमा दर्शन गराई भोटाहिटी र हनुमानढोका दरबार क्षेत्रमा पूरा गरी टेकु हुँदै शेषनारायण पुऱ्याइने छ ।

माघ कृष्ण चतुर्दशीदेखि नै माधवनारायणका बर्तालुले तीर्थयात्रा गर्छन् । सोमबार बिहान साँखुबाट बज्रयोगिनी माइको दर्शन गरी साँखुमा आएर बर्तालुले भोजन गरेका थिए । भोजनपछि पैदल हिँडेर बर्तालु सोमबार बेलुकी पशुपति क्षेत्रमा आइपुगेका थिए ।

नयाँ भेरियन्टसहितको कोरोना सङ्क्रमण तीव्र भएपछि भक्तजनका लागि बन्द गरिएको पशुपतिनाथ मन्दिर माधवनारायणका ब्रतालुको दर्शन विधि पूरा गर्न भने खुला गरिएको पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक डा घनश्याम खतिवडाले जानकारी दिए ।

पौष शुक्ल पूर्णिमादेखि सुरु भएको माधवनारायण र स्वास्थानी ब्रत माघ शुक्ल पूर्णिमासम्म चल्ने गर्दछ । यसवर्ष १०६ जना महिला र १९ पुरुष गरी १२५ जना ब्रत बसेका माधवनारायण स्वास्थानी ब्रत तथा शालीनदी सुधार समितिले जानकारी दिएको छ ।

सबैभन्दा पहिला हिमालय पुत्री देवी पार्वतीले माधवनारायण एवं श्री स्वस्थानीको व्रत गरेको स्कन्द पुराणमा उल्लेख छ । सोही पौराणिक मान्यताअनुसार नै त्यसबेलादेखि नै माधव नारायण र श्री स्वस्थानीको महिना दिनसम्म ब्रत बस्ने परम्पराको थालनी भएको मानिन्छ ।

# नक्कली पीसीआर धन्दामा अस्पतालकै कर्मचारी संलग्न

**काठमाडौं ।** स्वाबविना पिसिआर रिपोर्ट बनाउने अवैध धन्दामा अस्पतालका कर्मचारीहरू नै संलग्न रहने गरेको प्रहरी फेला पारेको छ ।

महानगरीय अपराध महाशाखाले भक्तपुरस्थित मध्यपुरथिमीस्थित कौशलटारमा रहेको नागरिक कम्युनिटी टिचिङ हस्पिटल लिमिटेड र काठमाडौंस्थित तीनकुनेमा रहेको कान्तिपुर अस्पताल प्रालिका कर्मचारीले ठूलो रकम लिएर नक्कली पिसिआर रिपोर्ट बनाउने धन्दामा चलाइरहको जानकारी दिएको हो ।

ती अस्पतालका कर्मचारीहरूले वैदेशिक रोजगारमा जाने व्यक्तिका लागि आवश्यक पर्ने पिसिआर रिपोर्ट नेपाल सरकारले तोकेको भन्दा अत्यधिक बढी रकम लिई स्वाबको नमूनाविनै रिपोर्ट बनाइदिने गरेका फेला परेको महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक वसन्तबहादुर कुँवरले जानकारी दिए ।

महाशाखाले विशेष सूचनाको आधारमा मंगलबार नागरिक कम्युनिटी टिचिङ हस्पिटलका कर्मचारी परिचयपत्र धारी धनुषा घर भई ललितपुरको ग्वार्को बस्ने रोशनकुमार छिङ्तानलाई ८ थान नक्कली पिसिआर परीक्षण रिपोर्टसहित पक्राउ गरिएको बताएको छ । प्रहरीले भक्तपुरको कौशलटारबाट उक्त अस्पताल पुग्दा सर्लाही घर भई सोही ठाउँ बस्ने ल्याब म्यानेजर प्रसन्नकुमार झालाई पनि नियन्त्रणमा लिइएको छ ।

महाशाखाले काठमाडौं तीनकुनेमा रहेको कान्तिपुर अस्पताल प्रालिका कर्मचारी धनुषा घर भई काठमाडौंको गौशाला बस्ने नागेन्द्रकुमार यादवलाई पनि १७ थान नक्कली पिसिआर रिपोर्टसहित नियन्त्रणमा लिइएको जानकारी दिएको छ । यादवकै बयानका आधारमा सोही ल्याबका कर्मचारी काभ्रेपलाञ्चोक घर भई सूर्यविनायक बस्ने माधव मैनालीलाई पनि पक्राउ गरिएको महाशाखाले जानकारी दिएको छ ।

प्रहरीले राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुका प्रतिनिधि समेतको रोहबारमा दुवै अस्पतालका ल्याबबाट नक्कली पिसिआर बनाउन प्रयोग भएका कम्प्युटरलगायतका उपकरण र पिसिआर टेस्ट दर्ता रजिष्टर समेत नियन्त्रणमा लिएको छ । फरार रहेका दुवै ल्याबका सञ्चालक भावेश मिश्र र निर्मल गिरी तथा पिसिआर रिपोर्टमा दस्तखत गर्ने ल्याब चिकित्सकको खोजतलास कार्य भइरहेको महाशाखाले जानकारी दिएको छ ।

दुवै अस्पतालका ल्याब सिल गरी अनुसन्धान भइरहेको महाशाखाले जनाएको छ । प्रहरीको अनुसन्धानमा उनीहरूले रिपोर्ट नै नेगेटिभ बनाउने गरेको र ल्याबमा कार्यरत भनिएका विशेषज्ञ चिकित्सकले रिपोर्ट नै नहेरी आफ्नो डिजिटल हस्ताक्षर प्रयोग गरी रिपोर्ट दिने गरेको समेत फेला पारेको छ ।

पिसिआर पोजेटिभ देखिएका स्याम्पलको सिटी भ्यालु तलमाथि गरी नेगेटिभ रिपोर्ट दिने र पिसिआर रिपोर्टको मिति समेत तलमाथि गर्ने गरेको खुल्न आएको छ । ती अस्पतालले बिचौलियालाई अस्पतालको कर्मचारी भनी परिचय पत्र समेत बनाइ सामूहिक स्वाब संकलन गर्न प्रयोग गर्ने गरेको तथ्य समेत खुलेको महाशाखाले जनाएको छ । सम्बन्धित व्यक्तिको उपस्थिति र स्वाबविनै बिचौलियाले आफैंले आफ्नै स्वाब संकलन गरी विभिन्न व्यक्तिका नाममा ल्याबमा दिने र ल्याबले सहजै पिसिआर रिपोर्ट उपलब्ध गराउने गरेको फेला पारिएको पनि महाशाखाले उल्लेख गरेको छ ।

बिचौलिया र ल्याबका कर्मचारी एवं व्यवस्थापनको मिलेमतोमा विदेश जाने व्यक्तिलाई पिसिआर रिपोर्ट नेगेटिभ बनाइ दिएबापत १० हजार रूपैयाँसम्म असुल गर्ने गरेको फेला परेको छ ।

उनीहरूले क्यूआर कोडबाट स्क्यान गरेर हेर्न मिल्ने गरी नै नक्कली रिपोर्ट बनाउने गरेको भेट्टिएको समेत महाशाखाले जनाएको छ ।

# वर्तमान गठबन्धन अझै बलियो भएर जान्छ : अध्यक्ष नेपाल




**भक्तपुर ।** नेकपा (एकीकृत समाजवादी) एसका अध्यक्ष माधवकुमार नेपालले गठबन्धन अझै बलियो भएर जाने टिप्पणी गरेको बताए । नेकपा एसले राजधानीस्थित जडीबुटीमा आयोजना गरेको पार्टी प्रवेश कार्यक्रममा गठबन्धन दलहरूबीच भएको छलफलमा गठबन्धनलाई अझै बलियो बनाएर लैजाने सहमति भएको जिकिर गरेको हुन् ।

'गठबन्धनका बीच आपसी अविश्वास पैदा गराउन खोजिए गठबन्धन अझै बलियो भएर जानेछ, गठबन्धनले नै चुनाव गर्नेछ' टिप्पणी गर्दै अध्यक्ष नेपाल गठबन्धनविरुद्ध भएको षड्यन्त्रप्रति सचेत भएर अगाडि बढ्नु पर्नेमा जोड दिए ।

कार्यक्रममा एमालेका पूर्वसांसद सुवास कर्माचार्यसहित करिव एकसय पचासभन्दा बढी नेता–कार्यकर्ता समाजवादीमा प्रवेश गरेका अध्यक्ष नेपालले टीका र खादा लगाएर स्वागत गरेका थिए ।

एमालेका नेताहरू राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य सीता थापा, बागमती प्रदेश कमिटीका यज्ञ सापकोटा, राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य ईश्वरी श्रेष्ठ, जिल्ला कमिटी सदस्यसहित दीपक नेपाल, रवीन्द्र शर्मा, विष्णुलाल श्रेष्ठ, विजय ढुंगाना, किशोर लामा, सगुन श्रेष्ठ, ध्रुवराज गिरी र फइन्द्र तामाङलगायत सिन्धुपाल्चोकका एक सयभन्दा बढी नेता काभ्रेबाट पचासभन्दा बढी नेता कार्यकर्ता नेकपा एस प्रवेश गरेका थिए ।

# खर्च हुन सक्ने र नसक्ने योजना छुट्याउने अर्थमन्त्रीको निर्देशन



**काठमाडौं ।** अर्थमन्त्री जनार्दन शर्मा हरेक मन्त्रालयका सचिवले खर्च हुनसक्ने र नसक्ने योजनाको स्पष्ट विवरण दिन निर्देशन दिएका छन् ।

जनतामा सरकारले पुँजिगत खर्च गर्ने नसक्ने भन्ने सन्देश प्रवाह भएको भन्दै अर्थमन्त्री शर्माले खर्च गर्न सकिने तथा नसकिने योजनाको सूची बनाउन निर्देशन दिएका हुन् ।

अर्थमन्त्रालयमा चालू आर्थिक वर्षको पुँजीगत खर्चको समीक्षा बैठकमा पुँजीगत खर्च गर्नु भनेर सचिवलाई बारम्बार दवाब दिइरहनु राम्रो नहुने बताउँदै अर्थमन्त्री शर्माले बताए । 'खर्च गर्नुहोस्' भनेर सचिवलाई भनिरहँदा राम्रो सन्देश नजाने भन्दै उनले 'पुँजीगत खर्च गर्ने सन्दर्भमा बारबार यस्तो बैठक गर्नु आवश्यक होइन राम्रो कुरा होइन' थपे- 'समस्याको सहजीकरण गर्नु ठिकै हो । तर खर्च गर्नुपर्छ भनेर दबाबको रूपमा दबाब दिइरहनुपर्ने कुरा ठिक संस्कार होइन । यसको अन्त्य गर्नुपर्छ ।'

मन्त्री शर्माले सबै मन्त्रालय र जिम्मेवार व्यक्ति आ–आफ्नो ठाउँबाट जिम्मेवार भएर लागे दवाब दिइरहनुपर्ने अवस्थाको अन्त्य हुने बताए । हरेक मन्त्रालयका सचिवले खर्च हुनसक्ने/नसक्ने योजनाको स्पष्ट विवरण दिँदै अर्थमन्त्री शर्माले जनतामा सरकारले पुँजीगत खर्च गर्ने नसक्ने भन्ने सन्देश प्रवाह भएको भन्नुहुँदै खर्च गर्न सकिने र नसकिने योजनाको सूची बनाउन निर्देशन दिए ।

खर्च हुने कुरामा शतप्रतिशत जिम्मेवारी लिएर त्यस्तो सूची तयार पार्न निर्देशन दिँदै उनले त्यस्तै खर्चको अर्धवार्षिक समीक्षापछि आ–आफ्नो अनुभवसहितको सुझाव दिन सचिवहरूलाई निर्देशन दिए ।

सोही क्रममा अर्थमन्त्री शर्माले पुँजीगत खर्च बढी हुने मन्त्रालयहरूले विशेषगरी अग्रसरता लिएर योजनालाई अगाडि बढाउनु पर्नेमा जोड दिँदै पछिल्लो समय कृषि मन्त्रालयको भूमिका थप हुनुपर्नेमा जोड दिए ।

# माघ मसान्तसम्म पठनपाठन ठप्प

**काठमाडौं ।** कोरोना संक्रमणको जोखिम कायमै रहेको भन्दै जिल्ला प्रशासन कार्यालय बैतडीले जिल्लाभरका विद्यालय माघ मसान्तसम्मका लागि बन्द गर्ने भएको छ । कोभिड- १९ संकट व्यवस्थापन केन्द्रको निर्णयअनुसार जिल्लामा कोरोनाको जोखिम कायम भएको हुँदा माघ मसान्तसम्म भीडभाडजन्य कार्यमा रोक लगाइएको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी खगेन्द्र भारतीले जानकारी दिएका हुन् ।

जिल्ला प्रशासन कार्यालयले कोभिड सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि भएका निर्णय कार्यान्वयन गर्न आग्रह गरेको छ । प्रशासनले जिल्लाका सरकारी निकाय तथा स्थानीय तहलाई पत्र लेख्दै कोभिड संकट व्यवस्थापन समन्वय केन्द्रको सिफारिश र सङ्घीय सरकारबाट निर्देशन भएका निर्णय कार्यान्वयन गर्न आग्रह गरिएको हो ।

माघ १६ गतेको गृहमन्त्रालयको सचिवस्तरीय निर्णय कार्यान्वयनका लागि प्रशासनले आग्रह गरेको र सोही निर्णयअनुसार माघ मसान्तसम्म भौतिक उपस्थितिमा विद्यालय, कलेज सञ्चालन गर्नमा रोक लगाइएको छ ।

प्रशासनले विद्यालय, कलेजका पूर्व निर्धारित, जनशक्ति भर्ना, वैदेशिक रोजगारीका लागि सञ्चालन गरिने विदेशी भाषा र चिकित्सा शिक्षाका सबै प्रयोगात्मक परीक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरेर सञ्चालन गर्नुपर्ने उल्लेख गरिएको छ ।

यसैबीच खोप कार्यक्रमलाई जिल्लाभर अभियानकै रूपमा सञ्चालन गर्न र विद्यालयमा सञ्चालन भइरहेको खोप अभियानलाई प्रभावकारी बनाउन प्रशासनले आग्रह गरेको छ ।

# सामूहिक कागती खेतीमा कृषकलाई भ्याईनभ्याई

**काठमाडौं ।** तीन वर्षअघि लगाइएका कागतीका बिरुवा फुल्न थालेपछि उत्साहित बनेका बागलुङ्गस्थित चासो कृषक समूहका सदस्य र कर्मचारीहरूलाई यतिबेला गोडमेल, सिँचाइ र मल दिनका लागि भ्याईनभ्याई नै छ ।

बिरुवामा फूल फुल्न र पालुवा पलाउन थालेपछि यसैवर्ष फल लाग्ने आशाले कृषकहरू खुशी भएका हुन् । जिल्लास्थित अर्माह, सहैंला फाँटमा लगाएको कागती फुल्न थालेपछि कृषकले आफ्नै मिहिनेतमा सपना फल्ने आशामा हर्षित देखिएका छन् ।

सयौं मुरी धान फल्ने खेतमा कागती लगाएका किसानले यसैमा आफ्नो भविष्य खोजिरहेका छन् । झन्डै २० लाख लगानीबाट थालनी गरिएको उक्त कागती खेतीमा हालसम्म ६० लाखभन्दा बढी लगानी र तीनसय रोपनीभन्दा धेरै जमिनमा चार हजार बिरुवा हुर्किरहेका छन् । बिरुवामध्ये एक तिहाइ बिरुवामा फल लाग्ने बेला भयो भने अर्को एक तिहाइ दुईवर्षे बिरुवाले पालुवा फेर्दैछन् ।

समूहका अध्यक्ष केशवप्रसाद सुवेदीले अनुदान र सहयोगका लागि सरकारी निकाय आएको जानकारी दिए । कागती फुल्दै गर्दा चितवन, मकवानपुर र कास्की र बागलुङ जिल्लाकै विभिन्न क्षेत्रबाट हरेक महिना कृषि समूह र कृषि प्राविधिकहरू सहैंलाको फाँट पुग्ने गरेका अध्यक्ष सुवेदीले बताए ।

सरकारी अनुदानमा आशा नराखी आफैंले लगानी गरेर व्यावसायिक खेती थालेका किसानले पछिल्लो पटक सरकारी निकायको साथ पनि पाउन थालेका छन् । हरेक वर्ष चार करोडको कागती उत्पादन गर्ने लक्ष्यका साथ व्यावसायिक खेती थालेका किसानले फल फल्न थालेको एक वर्षमै लगानी उठाएर मुनाफा कमाउने आशा राखेको सुवेदीले बताए ।

# दोस्रो अन्तराष्ट्रिय मैत्रीपूर्ण फुटबलमा नेपालको जित




**काठमाडौं ।** नेपाली राष्ट्रिय फुटबल टोलीले त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा मंगलबार सम्पन्न दोस्रो अन्तर्राष्ट्रिय मैत्रीपूर्ण फुटबल प्रतियोगितमा अफ्रिकी राष्ट्र मरिससलाई पराजित गरेको छ। नेपालीतर्फ दश र मरिससतर्फ नौ खेलाडी समावेस सो प्रतियोगतामा मरिससलाई १-० गोल अन्तरले पराजित गरेको हो ।

नेपालका लागि सुजल श्रेष्ठले खेलको दशौं मिनेटमा गरेको एक गोल नै प्रतियोगितामा निर्णायक गोल बन्यो । आशिष लामाले प्रहार गरेको बललाई पेनाल्टी क्षेत्रभित्र रहेका पुजन उपरकोटीले उपलब्ध गराएपछि श्रेष्ठले गोलमा परिणत गरेका थिए ।

पहिलोपटक अफ्रिकी राष्ट्रसँग आधिकारिक रूपमा खेल खेलेको नेपाल दुवै मैत्रीपूर्ण खेलमा जित हात पार्न सफल भयो । यसअघि शनिबार भएको पहिलो मैत्रीपूर्ण खेलमा नेपालले मरिससलाई १-० गोल अन्तरले नै पराजित गरेको थियो । उक्त खेलमा नेपालका लागि विमल घर्तिमगरले गोल गरेका थिए । मरिसस पेनाल्टीमा चुक्दा नेपालसँग लगातार हार व्यहोर्‍यो । प्रतियोगिताको १३औं मिनेटमा मरिससका कप्तान एन्डी सोफीले पेनाल्टीमा गोल गर्न सकेनन् । सोफीको प्रहारलाई नेपाली टोलीका गोलकिपर किरण चेम्जोङले जोगाएका थिए ।

नेपालका दिनेश राजवंशीले मरिससका लिन्सले बर्सीलाई पेनाल्टी क्षेत्रभित्र लडाएपछि मरिससले पेनाल्टी पाएको थियो । त्यसबाहेक दुवै टोलीले खेलको विभिन्न समयमा पाएको अवसरलाई सदुपयोग गर्न सकेनन् । खेलको ७०औं मिनेटमा मरिसस र नेपाल १० खेलाडीमा समेटियो ।

एक अर्कोविरुद्ध घम्साघम्सीमा उत्रिएपछि मरिससका एड्रियन बोटलरले रातो कार्ड पाए भने नेपालका पुजन उपरकोटीलाई रेफ्री नवीन्द्र महर्जनले रातो कार्ड पाएका थिए ।

नेपाली टोलीका गौतम श्रेष्ठलाई फउल गरेपछि खेलको ७८औं मिनेटमा मरिससका इम्पानुएलले रातो कार्ड पाएर नौ खेलाडीमा समेटियो ।

# कागज मिलाउनेले अनुदानको मल कुम्ल्याएपछि हलो जोत्ने हेर्‍याहेर्‍यै




**काठमाडौं ।** प्रत्येक वर्ष खेतीबाली लगाउने बेलामा किसानले रासायनिक मलखाद लागि हैरानी व्यहोर्नु परेपछि सर्वत्र प्रश्न उठेको छः 'रासायनिक मल गोबर सोहर्ने र हलो जोत्नेलाई कि कागज मिलाउनेलाई ?'

कृषिप्रधान मुलुक भनिए पनि असली किसानलाई खेतीबालीको मौसम सुरु हुँदै गर्दा कृषि अनुदान र मलखादमा पहुँच स्थापित हुन नसकेको गुनासो गरिएको हो ।

प्रतिनिधिसभा, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका सदस्य देवप्रसाद तिमिल्सिनाले राज्य गम्भीर नभएकै कारण किसानले अनुदान, मल र सिँचाइको सुविधा पाउन नसकेको बताए ।

'बर्सेनी बाली लगाउने मौसममा रासायनिक मल पाइन्न, सरकारले अनुदानको मल किसानलाई उपलब्ध गराउनुपर्‍यो' समितिको बैठकबीच उनले थपे 'अनुदान गोबर सोहर्ने र हलो जोत्नेले होइन, कागज मिलाउनेले मात्र पाइरहेका छन्, यो के हो ।'

बैठकमा सदस्यहरूले समितिले दिएको सुझाव र निर्णय कार्यान्वयनमा ल्याए मात्रै पनि राहत पाउने थिए भन्दै समितिका निर्णय सरकारले 'हिँड्दैछ, पाइला मेट्दैछ' जस्तो गरेको भनी आक्रोश व्यक्त गरे । समितिका सदस्य भूपेन्द्रबहादुर थापाले मध्यवर्ती क्षेत्रलाई व्यवस्थित तुल्याउन नसक्दा किसान जंगली जनावरबाट सधैं भयभित हुनुपरेकाले सरकारले यस विषयलाई प्राथमिकतामा राखेर काम गरोस् भने ।

'उखु किसानले चिनी मिलबाट अघिल्ला वर्षमा बेचेको उखुको वक्यौता पैसा अझै पाएका छैनन्' उनले थपे 'पशुपक्षीलाई दाना र खेतीपातीका लागि रासायनिक मल पाइँदैन, यो विषयलाई राज्यले गम्भीर भएर हेर्नु पर्दैन ?'

बैठकबीच सांसद राजबहादुर क्षेत्रीले किसानको हितका लागि समितिबाट भएका निर्देशनलाई सरकारले बेवास्ता गरेको भनी गम्भीर समीक्षाको माग गर्दै मध्यवर्ती क्षेत्रको बस्ती पनि नसार्ने, सुरक्षा पनि दिन नसकेपछि कसरी जनता जोगिन्छन् र निकास हुन्छ भनी प्रश्न गरे ।

यस्तै समितिका सदस्य घनश्याम खतिवडाले रासायनिक मल, कृषि अनुदानको अवस्था र कार्यान्वयनको स्थिति 'खुकुरीको चोट अचानोलाई मात्र थाहा हुन्छ' भनेजस्तो रहेको प्रतिक्रिया दिए । 'राष्ट्रपति चुरे र वातावरण संरक्षणको विषय प्राकृतिक दोहनको असली नमूनाका रूपमा रहेको छ, पछिल्ला दिनमा संरक्षणभन्दा विनास गर्ने पक्ष नै बलियो हुँदै भएको आभाष भएको छ' उनले भने ।

बैठकबीचमा सांसद शक्तिबहादुर बस्नेतले बजेट कार्यान्वयनको अवस्थाबारे सरकारसँग जानकारी लिन सुझाव दिँदै वातावरण प्रभाव मूल्यांकन गर्ने कन्सल्टयान्सीले समयमा प्रतिवेदन नदिएकै कारण आयोजना सुरु गर्न बाधा पुगेको उल्लेख गर्दै त्यसमा सुधारको खाँचो औंल्याए ।

यस्तै समितिका सदस्य सत्यनारायण खनालले रासायनिक मलको उपलब्धता, गुणस्तर र सहजता गराउने दिशामा सरकारको विशेष कार्ययोजना र ध्यान जान जरुरी रहेका टिप्पणी गरे ।


# जिल्लाको वस्तुस्थितिबारे गृहमन्त्रीको चासो

**काठमाडौं ।** विभिन्न १२ जिल्लाको शान्तिसुरक्षा अवस्था र प्रहरीमा कोभिडको संक्रमणबारे गृहमन्त्री बालकृष्ण खाँणले चासो व्यक्त गरेका छन् ।

कोभिडको संक्रमण र रासन भत्ताबारे जिल्लाका प्रहरी प्रमुखसँग टेलिफोनमार्फत जानकारी लिएका हुन् । उनले झापा, इलाम, पाँचथर, ताप्लेजुङ, धनुषा, सप्तरी, सिराहा, सर्लाही, अछाम, पर्सा, मकवानपुर र रौतहटका प्रहरी प्रमुखसँग फोनबाटै जिल्लाको वस्तुस्थितिबारे जानकारी लिएका थिए ।

मुख्यगरी प्रहरीमा र समग्र जिल्लामा कोभिड-१९ को प्रभाव, शीतलहर र हिमपातको अवस्था, जिल्लामा सुरक्षा स्थिति, प्रहरीलाई सरकारले उपलब्ध गराउने रासन भत्ता वितरणबारेमा जानकारी लिएको सिरहाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक अर्जुन तिमिल्सिनाले जानकारी दिए ।

# ग्रामथान र बुढीगंगामा बर्डफ्लु पुष्टि



**काठमाडौं ।** पशुसेवा विभाग मोरङले ग्रामथान- १ स्थित खुनयाकट्टा र बुढिगंगा- ५ का दुई स्थान बर्डफ्लु संक्रमण देखिएको बताएको छ । विभागले ती स्थानमा किसानले पालेका कुखुराको नमूना केन्द्रीय पशुपंक्षी रोग अन्वेषण प्रयोगशाला त्रिपुरेश्वरमा रियल टाइम पीसीआर विधिबाट परीक्षण गर्दा माघ १६ गते पुष्टि भएको विभागका निमित्त महानिर्देशक लेखराज दाहालले जानकारी दिए ।

ती स्थानमा संक्रमण फैलँन नदिन विभागले तत्काल नियन्त्रणमा लिन संघ, प्रदेश तथा स्थानीय तहका पशु सेवासँग सम्बन्धित निकायलाई परिचालन गरी रोग देखिएको क्षेत्रमा रहेका घरपालुवा पक्षी तथा रोग सार्न सक्ने अन्य वस्तु समेत नै नष्ट गरिएको हो । मन्त्रालयले पक्षी तथा पक्षीजन्य उत्पादनको ओसारपसार गर्दा अनिवार्य रूपमा स्थास्थ्यपरीक्षण गरी भेटेरिनरी प्रमाणपत्र लिएर मात्र गर्न आग्रह गरेको छ ।

यस्तै, फार्म परिसरमा जैविक सुरक्षाका विधि अवलम्बलन गर्न, पक्षीपालक किसानले फार्म परिसरमा नियमित रूपमा संक्रमण फैलँन नदिन सफाइमा ध्यान दिन, घरपालुवा पक्षीलाई जंगली पक्षीको सम्पर्कमा आउन नदिन हाँस तथा कुखुरासहितका पक्षीलाई थुनेर पाल्न तथा पशुपक्षी बिक्री स्थलमा अस्वाभाविक रूपमा पक्षी बिरामी परेमा वा मरेमा तत्काल नजिकैको पशु सेवा विभागमा सूचना गर्न आग्रह गरेको छ ।

# पश्चिमी वायुको प्रभाव अझै बढ्ने

**काठमाडौं ।** पछिल्लो समय विकसित पश्चिमी वायुको प्रभावले केही दिन मुलुकभरका विभिन्न प्रदेशमा मौसम बदलीसहित हल्का वर्षाको सम्भावना रहेको छ ।

जल तथा मौसम विज्ञान विभागले हाल देशमा पश्चिमी वायुको आंशिक प्रभाव रहेकामा अघिल्लो रातिदेखि बढेको पश्चिमी वायुको प्रभाव बिहीबार झनै प्रवल भएको हो ।

पश्चिमी वायुको प्रभावले प्रदेश नं १, बागमती, गण्डकी, मधेस प्रदेश र तथा लुम्बिनी प्रदेशका केही स्थानमा हल्का वर्षाको सम्भावना रहेको समेत विभागले बताएको छ । विभागले उच्चपहाडीसहित हिमाली भूभागका केही स्थानमा हल्का हिमपातको सम्भावना रहेकाले भन्दै चिसोको प्रभावबाट बच्न र जोगिन आवश्यक सुरक्षा तथा सतर्कता अपनाउन अनुरोध गरेको छ ।

प्रदेश नं १, मधेश, बागमती प्रदेश र गण्डकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रही बाँकी भू-भागमा मौसम सामान्यतया सफा रहने बताएको विभागले बिहीबार समेत बागमती र गण्डकी प्रदेशका उच्चपहाडी तथा हिमाली भूभागका केही स्थानमा हल्का हिमपातको सम्भावना रहेको जानकारी महाशाखाले दिएको थियो ।

# बिरामी परे सेना र प्रहरीकै भर

**काठमाडौं ।** रक्तदान प्रचलन उति नभएको टोडी जिल्लामा कुनै बिरामीलाई रगत आवश्यक परे नेपाली सेना र नेपाल प्रहरीको खोज्नुपर्ने बाध्यता छ । स्थानीयले रगत दिन नमान्ने हुँदा बिरामीलाई आवश्यक पर्दा रगत खोज्ज आफन्तलाई धौ-धौ पर्ने गरेको छ ।

कोही बिरामी परे रगतदान दिने सेना र प्रहरी खोज्न सेनाका ब्यारेक र जिल्ला प्रहरी कार्यालय धाउनु आफन्तको बाध्यता नै बनेको छ । दिपायल सिलगढी-४ पिपल्लाका सर्वजित देउवाका अनुसार स्थानीयले रगत दिन नमानेका कारण कोही बिरामी परे सेना र प्रहरी खोज्नुपर्छ ।

अस्पतालमा रगतको व्यवस्था आफैं गर्नुपर्ने भए पनि नेपाली सेनाका विभिन्न युनिट, सशस्त्र प्रहरीको ३६ नम्बर गण तथा नेपाल प्रहरीले सहजै रगत उपलब्ध गराउने गरेका कारण बिरामीलाई बचाउन सहज भएको छ ।

'रगत आवश्यक परे सिधैं प्रहरी र सेनालाई सम्पर्क गर्छौं' शैलेश्वरी अस्पतालका निर्देशक आइजंग कुँवरको भनाइ थियो ।

रेडक्रस सोसाइटीले जिल्लामा रगत संकलन केन्द्र (ब्लड बैंक) सञ्चालनमा ल्याए पनि रगत अभाव भइरहने हुँदा सो केन्द्र भरपर्दो नभएको स्थानीयवासीको बुझाइ छ । रक्तदानका लागि रेडक्रसले अभियान नै सञ्चालन गर्ने भए पनि स्थानीयले खासै रगत दिन मान्दैनन् ।

जिल्ला अस्पतालका सूचना अधिकारी अमर भाटकाअनुसार सुत्केरीलाई सबैभन्दा बढी रगत आवश्यक पर्ने समस्या हुने गरेको छ । 'सुत्केरीलाई बढी रगत आवश्यक पर्छ, रगत अभाव हुँदा उपचार गराउन अन्यत्र पठाउनुपर्ने अवस्था छ' भाटले भने । सेना र प्रहरीले आफ्ना युनिटमा रगत संकलन गरेर राख्नाले धैरै सेवा पाएको पनि उनको भनाइ थियो ।

## प्रचण्डकै...

पश्चिमी मौसमी प्रणालीको प्रभावका कारण बुधबार पहाडी भू-भागमा आंशिक बदली रही तराईका भू-भागमा हुस्सु-कुहिरो लाग्नुका साथै वर्षा र हिमपात भएको थियो ।

नेपाल प्रवेश गरेको पश्चिमी वायुका कारण तीन दिनसम्म मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम खालको वर्षा हुने मौसम पूर्वानुमान महाशाखाले बताएको छ । पछिल्लो मौसमी प्रणालीका कारण हवाई क्षेत्र, पर्वतारोहण, कृषि, यातायातलगायत दैनिक जनजीवनमा समेत असर पर्नसक्ने देखिएकाले चिसोबाट बच्न र हिमपातबाट हुनसक्ने प्रभावबाट आवश्यक सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ ।

सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश, लुम्बिनी प्रदेश र गण्डकी प्रदेशमा सामान्यदेखि पूर्ण बदली तथा बागमती प्रदेश, मधेस प्रदेश र प्रदेश नं १ मा बिहीबार आंशिकदेखि सामान्य बदली रहेको मौसम प्रणाली आज भने मुलुकभर सामान्यदेखि पूर्ण बदली रहने र भोलि शनिबार पनि आंशिकदेखि सामान्य बदली रहने महाशाखाले बताएको छ । पश्चिमी वायुको प्रभाव आइतबारदेखि क्रमिक रूप मौसम सुधार आउने पनि महाशाखाको भनाइ छ ।

सोही प्रणालीले बिहीबार सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश, लुम्बिनी प्रदेश र गण्डकी प्रदेशका उच्चपहाडी तथा हिमाली भेगका थोरै स्थानमा तथा बागमती प्रदेश र प्रदेश नं १ को उच्चपहाडी तथा हिमाली भेगका केही स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ भने पहाडी तथा तराईका धेरै स्थानमा मेघ गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा भएको छ भने आज पनि देशभरका उच्चपहाडी तथा हिमाली भू-भागका थोरै स्थानमा हल्कादेखि मध्यम हिमपातको सम्भावना रहेको छ । पहाडी तथा तराईका धेरै स्थानमा मेघ गर्जन/चट्याङ र हल्कादेखि मध्यम वर्षा तथा गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा भारी वर्षाको हुने पनि महाशाखाले जानकारी दिएको छ ।

मौसमी प्रणालीका कारण गण्डकी प्रदेश, बागमती प्रदेश र प्रदेश नं १ का उच्चपहाडी तथा हिमाली भूभागका केही स्थानमा हल्कादेखि मध्यम हिमपातको सम्भावना रहेको छ । ती प्रदेशका पहाडी तथा तराईका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको र आइतबारदेखि यो मौसम कमजोर हुँदै मौसममा क्रमिक रूपमा सुधार आउने पनि महाशाखाले जानकारी दिएको छ ।

## ओमिक्रोन...

'मुलुकको अबको गन्तव्य भनेको राजनीतिक परिवर्तनलाई संस्थागत गर्दै लोकलन्त्र र सङ्घीय शासन प्रणालीलाई बलियो बनाउँदै मुलुकलाई छिटो विकसित राष्ट्रनिर्माणतर्फ लाने हो' प्रधानमन्त्री देउवाले भने ।

सोही अवसरमा कामपाका प्रमुख विद्यासुन्दर शाक्यले सहिदको योगदानले नै देशमा प्रजातन्त्र स्थापन सम्भव भएको धारणा व्यक्त गरे ।

गृहमन्त्री बालकृष्ण खाँण, मुख्य सचिव शंकरदास बैरागीलगायत सीमितका उच्चपदस्थ अधिकारीलगायतको उपस्थितमा कार्यक्रम गरिएको थियो ।

नयाँ भेरियन्टसहितको कोरोना महामारीका कारण यसवर्ष प्रभातफेरी कार्यक्रम हुन नसके पनि लैनचौरको सहिद स्मारकमा संक्षिप्त स्मृति कार्यक्रम गरेर सहिद सप्ताहको मनाइएको थियो ।

काठमाडौंको टेकस्थित पचलीमा सहिद शुक्रराज शास्त्रीलाई माघ १० गते प्राणदण्ड दिएको दिनदेखि प्रारम्भ भएको सहिद सप्ताहको पहिलो दिन सीमित व्यक्तिको सहभागितामा शुक्रराज शास्त्रीको शालिकमा पुष्पगुच्छा अर्पण गरिएको थियो । सहिद शास्त्रीलाई प्राणदण्ड दिइएको स्थानमा पुगेर कामपाका प्रमुख विद्यासुन्दर शाक्य, उपप्रमुख हरिप्रभा खड्गी श्रेष्ठसहित पदाधिकारीले पुष्पगुच्छा अर्पण गरेका थिए ।

सहिद सप्ताहकै क्रममा माघ १३ गते सिफलमा सहिद धर्मभक्त माथेमाको सालिकमा र १५ गते शोभा भगवतीमा गंगालाल श्रेष्ठ र दशरथ चन्दको शालिकमा सीमित पदाधिकारीको उपस्थित भएर सालिकमा पुष्पगुच्छा अर्पण गरी मनाइएको हो । प्रत्येक वर्ष कामपाले माघ १० देखि १६ सम्मलाई विभिन्न कार्यक्रम गरी सहिद सप्ताह कार्यक्रम मनाउँदै आएको छ ।

श्रमको सम्मान गरौं
कामलाई सानो वा ठूलो नभनौं,
स्वदेशमै व्यापार व्यवसाय गरौं,
रोजगार भई राष्ट्र निर्माणमा सहभागी होऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

# वर्षा, हिमपात र चिसोका कारण घरबाहिर निस्कनै मुस्किल



**काठमाडौं ।** पटक-पटकको वर्षा, हिमपातपछि बढेको चिसोका कारण पूर्वी पहाडी जिल्ला इलामको जनजीवन ज्यादै नै कष्टकर बनेको छ ।

यसवर्ष पटक-पटक मौसम बदली भई हिमपातसँगै थपिएको तीव्र चिसोका कारण उच्चपहाडी क्षेत्रका बासिन्दालाई दैनिक कामकाजमा निस्कँन ज्यादै नै मुस्किल परेको छ । यस पटक तलतलसम्म हिउँ परेपछि स्थानीयलाई घरबाहिरको कामकाजमा निस्कँन कठिन भएको हो ।

विगतमा उच्चपहाडी क्षेत्रमा मात्र पर्ने हिउँ मंगलबार साँझदेखि तलतलसम्म परेपछि मानिसहरुलाई चिसोले प्रभावित पारेको स्थानीयले बताए । यस पटक जिल्लास्थित माइजोगमाई गाउँपालिकाको नयाँ बजारसम्म हिउँ परेको छ ।

सदरमुकामलगायत तल्लो क्षेत्रका मानिसलाई हिउँमा खेल्न रमाइलो हुने भए पनि माथिल्लो क्षेत्रका बासिन्दाले कष्टकर जीवन बिताउनु परेको माइजोगमाई गाउँपालिका नयाँ बजारकी निर्मला बस्नेतले सुनाइन् ।

यस पटक नयाँ बजारसम्म हिउँ परेको उहाँले बताउनुभयो । जिल्लाको उच्च पहाडी क्षेत्र सन्दकपुर, जौबारी, मेग्मालगायतका स्थानमा यसअघि पनि पटक-पटक हिउँ झरेको भए पनि नयाँ बजारसम्म हिउँ परेपछि चीसो बढेको स्थानीयवासीको भनाइ छ ।

यो वर्ष धेरै तल माइमझुवा, टप्पु, नयाँ बजारसहितका क्षेत्रसम्म हिउँ परेको स्थानीयले बताए । पछिल्लो पटक जिल्लाका धेरै स्थानमा वर्षा समेत भएको छ । जिल्लाका उच्चपहाडी क्षेत्रमा वर्षा र हिमपात भएपछि सदरमुकाम इलामसहित जिल्लाका धेरै स्थानमा बढेको चिसोले बालबालिका र वृद्धवृद्धालाई समस्या पारेको छ ।

हिमपात भएका स्थानमा घरबाहिर निस्कन नसक्दा गाईबस्तुलाई घाँसपात गर्न झनै समस्या परेको स्थानीयले सुनाए । चिसो बढेपछि लेकाली क्षेत्रका बासिन्दालाई घाँस दाउरा गर्न, आलु रोप्न, मलखाद खेतबारीमा पुऱ्याउने काममा बाधा पुगेको छ ।

स्थानीयलाई हिमपातले सताए पनि एकआपसमा हिउँ खेलेर मनोरञ्जन लिन रुचाउने अन्तरिक र बाह्य पर्यटकलाई भने हिमपातले खुशी थपेको छ ।

# सहिदहरूप्रति उच्च सम्मान व्यक्त हुनुपर्छ : प्रदेश प्रमुख परियार



**काठमाडौं ।** आफ्नो जीउज्यानको कुनै पर्वाह नगरी मुलुक र जनताका निम्ति सर्वस्वा अर्पण गर्ने सहिदहरुप्रति उच्चसम्मान गरिनुपर्नेमा कर्णाली प्रदेशका प्रमुख तिलक परियारले जोड दिएका छन् ।

'सहिद दिवस, २०७८' का अवसरमा एक सन्देश जारी गर्दै प्रदेश प्रमुख परियारले मुलुकको सुनौलो भविष्यको लागि सर्वस्व त्यागी प्राणै आहुती दिने सहिदहरूलाई उच्चसम्मान गर्नुपर्ने धारणा व्यक्त गरेको हुन् । 'हामीले आज प्राप्त गरेको स्वतन्त्रता र अधिकार सहिदको बलिदानीको प्रतिफल हो' प्रदेश प्रमुख परियारको सन्देशमा उल्लेख गरिएको छ- 'त्याग र बलिदानबाट मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा आइपुगेको छ ।'

नेपाली आमाको होनहार सन्तानको लामै बलिदानले मात्रै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाका माध्यमबाट मुलुकमा स्थायी शान्ति, सुशासन, न्यायपूर्ण समाज र समाजवादी लक्ष्यसहित समृद्धिको आकांक्षा पूरा गर्नेतर्फ अग्रसर भएर मात्रै सहिदप्रति सच्चासम्मान हुने परियारको सन्देशमा विश्वास व्यक्त गरिएको छ ।

देशको आर्थिक, सामाजिक रूपान्तरण गर्दै सामाजिक न्यायसहितको समृद्ध राष्ट्रनिर्माणमा सहिदको सपना साकार गर्न दृढतापूर्वक काममा लाग्ने प्रेरणा सबैमा मिलोस् भन्दै प्रदेश प्रमुख परियारले आफ्नो सन्देशमा शुभकामना समेत दिएका छन् ।

# हरहिसाब नबुझाउने एघार बीमा कम्पनीमाथि कारबाही




**काठमाडौं ।** बिमा समितिले हरहिसाब नबुझाउने विभिन्न एघारवटा बिमा कम्पनीलाई कारबाही गरेको छ। आफू गरेको कारोबारको लेखापरीक्षण प्रतिवेदन नबुझाएका विभिन्न कम्पनीहरूमाथि कारबाही गरिएको समितिका कार्यकारी निर्देशक राजुरमण पौडेलले जानकारी दिएका हुन् ।

आर्थिक वर्ष २०७६/७७ मा आफूले गरेको बिमा व्यवसायको हिसाब-किताबको लेखापरीक्षण प्रतिवेदन नबुझाउने बिमा कम्पनीलाई दसहजार रूपैयाँका दरले दण्डजरिवाना गरिएको पौडेलले बताए ।

बिमा कम्पनीले आफूले गरेको बिमा व्यवसायको हिसाब-किताबको लेखापरीक्षण मान्यता प्राप्त लेखापरीक्षकबाट गराई सोको प्रतिवेदन प्रत्येक आव सकिएको मितिले १० महिनाभित्र समितिलाई बुझाउनुपर्ने बिमा ऐन, २०४९ मा व्यवस्था छ ।

हरहिसाब नबुझाउने दि ओरियण्टल इन्स्योरेन्स कम्पनी, नेशनल इन्स्योरेन्स कम्पनी, राष्ट्रिय बिमा संस्थान, राष्ट्रिय बिमा कम्पनी, नेपाल लाइफ इन्स्योरेन्स, गुराँस लाइफ इन्स्योरेन्स, आइएमई लाइफ इन्स्योरेन्स, युनियन लाइफ इन्स्योरेन्स, सन नेपाल लाइफ इन्स्योरेन्स, रिलायबल नेपाल लाइफ इन्स्योरेन्स र सानिमा लाइफमाथि बिमा ऐन २०४९ अनुसार सो कारबाही भएको समेत निर्देशक पौडेलले बताए ।

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं